# शिक्षा (दशौं संशोधन) नियमावली, २०८३

शिक्षा नियमावली, २०५९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

शिक्षा ऐन, २०२८ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "शिक्षा (दशौं संशोधन) नियमावली, २०८३" रहेको छ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ।

२. शिक्षा नियमावली, २०५९ को नियम २ मा संशोधन : शिक्षा नियमावली, २०५९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को,-

(१) खण्ड (ङ) र (च) झिकिएका छन्।

(२) खण्ड (झ) मा रहेका "निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा वा" भन्ने शब्दहरू झिकिएका छन्।

(३) खण्ड (ञ) मा रहेका "निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा समिति वा" भन्ने शब्दहरू झिकिएका छन्।

edusanjal

(४) खण्ड (ण) पछि देहायका खण्ड (ण१) र (ण२) थपिएका छन् :-

"(ण१) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(ण२) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनुपर्छ।"

(५) खण्ड (द) पछि देहायको खण्ड (द१) थपिएको छ :-

"(द१) "ई-पेन्सन" भन्नाले स्थायी शिक्षकको निवृत्तभरण लगायतका सेवा, सुविधा सम्बन्धी राष्ट्रिय किताबखाना (शिक्षक) बाट अनलाइन प्रणाली मार्फत प्रदान गरिने सेवा सम्झनुपर्छ।"

(६) खण्ड (न) झिकिएको छ।

३. मूल नियमावलीको नियम ३ मा संशोधन : मूल नियमावलीको नियम ३ को सट्टा देहायको नियम ३ राखिएको छः-

"३. विद्यालय खोल्ने अनुमतिका लागि निवेदन दिनुपर्ने : विद्यालय खोल्न चाहनेले अनुमतिको लागि शैक्षिक सत्र शुरु हुनुभन्दा कम्तीमा तीन महिना अगावै सम्बन्धित स्थानीय तहमा अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।"

४. मूल नियमावलीको नियम ५ मा संशोधन : मूल नियमावलीको नियम ५ को सट्टा देहायको नियम ५ राखिएको छ :-

"५. विद्यालय खोल्न अनुमति दिने : (१) नियम ३ बमोजिम निवेदन परेमा स्थानीय तहले निवेदनसाथ प्राप्त कागजात अध्ययन र विश्लेषण गर्दा त्यसरी खोलिने विद्यालयको लागि नियम ४ बमोजिमको पूर्वाधार पूरा भएको देखिएमा विद्यालय खोल्न शैक्षिक सत्र शुरू हुनुभन्दा कम्तीमा तीस दिन अगावै अनुसूची-४ बमोजिमको ढाँचामा अनुमति दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम विद्यालय खोल्ने अनुमति दिँदा स्थानीय तहले स्वीकृत गरेको विद्यालयको नक्साङ्कन र विद्यालय खोल्ने अनुमति सम्बन्धमा निर्धारण गरेको सङ्ख्याको अधीनमा रही दिनु पर्नेछ।"

५. मूल नियमावलीको नियम ६ मा संशोधन : मूल नियमावलीको नियम ६ को,-

(१) खण्ड (ठ) मा रहेका "जिल्ला शिक्षा समितिले" भन्ने शब्दहरूको सट्टा "स्थानीय तहले" भन्ने शब्दहरू राखिएका छन्।

(२) खण्ड (ढ) झिकिएको छ।

(३) खण्ड (त) मा रहेका "तयार गरी" भन्ने शब्दहरू पछि "स्थानीय तह र" भन्ने शब्दहरू थपिएका छन्।

६. मूल नियमावलीको नियम ७ मा संशोधन : मूल नियमावलीको नियम ७ को सट्टा देहायको नियम ७ राखिएको छ :-

"७. विद्यालय खोल्न स्वीकृति प्रदान गर्ने : (१) नियम ५ बमोजिम अनुमति प्राप्त विद्यालयले स्वीकृतिको लागि अनुसूची-६ बमोजिमको ढाँचामा स्थानीय तह समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएमा स्थानीय तहको शिक्षा हेर्ने अधिकृतले विद्यालयको अनुगमन गरी स्थानीय तह समक्ष प्रतिवेदन पेस गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम अनुगमन प्रतिवेदन प्राप्त भएपछि त्यस्तो विद्यालयले नियम ६ बमोजिमको शर्त पूरा गरेको पाइएमा स्थानीय तहले अनुसूची-७ बमोजिमको ढाँचामा स्वीकृति दिनेछ।

(४) यस नियमावली बमोजिम विद्यालयको स्वीकृति दिएको तीस दिनभित्र सम्बन्धित स्थानीय तहले सोको जानकारी शिक्षा विकास तथा समन्वय इकाइमा पठाउनु पर्नेछ।"

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

edusanjal

७. <u>मूल नियमावलीको नियम ८ मा संशोधन</u> : मूल नियमावलीको नियम ८ को उपनियम (२) पछि देहायको उपनियम (३) थपिएको छ :-

"(३) उपनियम (२) बमोजिम स्वीकृति प्राप्त विद्यालय यो नियमावली प्रारम्भ भएपछिको पहिलो शैक्षिक सत्रबाट सञ्चालनमा नल्याएमा त्यस्तो विद्यालयको स्वीकृति स्वतः खारेज भएको मानिनेछ।"

८. <u>मूल नियमावलीको नियम ८ख. मा संशोधन</u> : मूल नियमावलीको नियम ८ख. को सट्टा देहायको नियम ८ख. राखिएको छ :-

"८ख. <u>कम्पनी कानून बमोजिम सञ्चालित विद्यालयलाई शैक्षिक गुठी अन्तर्गत सञ्चालन गर्ने सम्बन्धी व्यवस्था</u> : (१) कम्पनी सम्बन्धी प्रचलित कानून बमोजिम सञ्चालन भएको कुनै विद्यालय शैक्षिक गुठी अन्तर्गत सञ्चालन गर्न चाहेमा स्वीकृतिको लागि अनुसूची-११ग. बमोजिमको ढाँचामा स्थानीय तह समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएमा स्थानीय तहले त्यस्तो विद्यालयको अनुगमन गराई प्रतिवेदन पेस गर्न लगाउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम प्रतिवेदन प्राप्त भएपछि स्थानीय तहले त्यस्तो विद्यालयलाई शैक्षिक गुठी अन्तर्गत सञ्चालन गर्न मनासिब देखिएमा त्यस्तो विद्यालय सञ्चालन गर्न अनुसूची-११घ. बमोजिमको ढाँचामा स्वीकृति दिनेछ।"

९. <u>मूल नियमावलीको नियम १० मा संशोधन</u> : मूल नियमावलीको नियम १० को सट्टा देहायको नियम १० राखिएको छ :-

"१०. <u>धरौटी राख्नु पर्ने</u> : (१) संस्थागत विद्यालय खोल्न अनुमति लिँदा विद्यालय सञ्चालनको सुरक्षण बापत विद्यालयले देहाय बमोजिमको रकम धरौटीको रूपमा राख्नु पर्नेछः-

(क) माध्यमिक तहको विद्यालय - दश लाख रुपैयाँ

(ख) आधारभूत तहको विद्यालय - पाँच लाख रुपैयाँ

(२) यो नियम प्रारम्भ हुँदाका बखत अनुमति लिँदा राखिएको धरौटीको हकमा सोही बमोजिम हुनेछ।"

१०. <u>मूल नियमावलीको नियम १०क. मा संशोधन</u> : मूल नियमावलीको नियम १०क. को,-

(१) उपनियम (१) मा रहेका "शिक्षा विकास तथा समन्वय इकाइले" भन्ने शब्दहरूको सट्टा "स्थानीय तहले" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपनियम (३) मा रहेका "शिक्षा विकास तथा समन्वय इकाइ प्रमुखले" भन्ने शब्दहरूको सट्टा "प्रमुख प्रशासकीय अधिकृतले" भन्ने शब्दहरू राखिएका छन्।

११. <u>मूल नियमावलीको नियम ११ मा संशोधन</u> : मूल नियमावलीको नियम ११ को,-

(१) उपनियम (१) मा रहेको "निर्देशनालयमा" भन्ने शब्दको सट्टा "निकायमा" भन्ने शब्द राखिएको छ।

(२) उपनियम (४) मा रहेको "मन्त्रालयले" भन्ने शब्दको सट्टा "स्थानीय तहले" भन्ने शब्दहरू राखिएका छन्।

(३) उपनियम (६) मा रहेको "निकायका" भन्ने शब्दको सट्टा "तहका" भन्ने शब्द राखिएको छ।

१२. <u>मूल नियमावलीको नियम १२क. मा संशोधन</u> : मूल नियमावलीको नियम १२क. को सट्टा देहायको नियम १२क. राखिएको छः-

"१२क. <u>विद्यालय समायोजन तथा एकीकरण सम्बन्धी व्यवस्था</u> : (१) स्थानीय तहले विद्यालय सार्न, तह वा कक्षा घटाउन तथा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गरी विद्यालय समायोजन वा एकीकरण गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम विद्यालयको समायोजन एवं एकीकरण देहाय बमोजिमको आधारमा हुनेछः-

edusanjal

(क) अनुसूची-३ बमोजिमको पूर्वाधार कायम नरहेको,

(ख) अधिकांश कक्षामा नियम ७७ बमोजिम विद्यार्थी सङ्ख्या नभएको,

(ग) दुई वा दुईभन्दा बढी विद्यालयका व्यवस्थापन समितिले एउटै विद्यालयको रुपमा सञ्चालन गर्न वा माध्यमिक तहको ठूला र नमूना विद्यालय सञ्चालन गर्न सहमत भई संयुक्त निवेदन दिएको,

(घ) विद्यालयहरूबीचको पैदल दुरी आधा घण्टा भन्दा कम भएको वा सडक यातायातको पहुँच भई विद्यालय बसको प्रयोग गरी विद्यालय आउन जान एकतर्फी आधा घण्टासम्म समय लाग्ने देखिएको,

(ङ) विद्यालय अवस्थित क्षेत्रको घरधुरी सङ्ख्या कम भएको,

(च) विद्यालय रहेको क्षेत्रको जनसङ्ख्या वृद्धिदर न्यून वा ऋणात्मक भएको र बसाईंसराई दर उच्च भएको,

(छ) स्थानीय तहले आवासीय विद्यालय सञ्चालन गर्न चाहेमा,

(ज) स्थानीय तहले पहिचान गरेका अन्य विषयहरू।

(३) उपनियम (१) बमोजिम समायोजन वा एकीकरण भएका विद्यालयका शिक्षक तथा कर्मचारी समायोजन वा एकीकरण भएको विद्यालयमा स्वतः समायोजन वा एकीकरण हुनेछन्।

(४) उपनियम (३) बमोजिम समायोजन वा एकीकरण गर्दा दरबन्दीभन्दा बढी हुने भएमा स्थानीय तंहले सो विवरण यथाशीघ्र शिक्षा विकास तथा समन्वय इकाइमा पठाउनु पर्नेछ र शिक्षा विकास तथा समन्वय इकाइले जिल्ला भित्रको अन्य कुनै विद्यालयमा व्यवस्थापन गर्न सक्नेछ।

(५) उपनियम (४) बमोजिम व्यवस्थापन गर्दा समेत दरबन्दीभन्दा बढी हुने भएमा शिक्षा विकास तथा समन्वय इकाइले सो विवरण यथाशीघ्र केन्द्रमा पठाउनु पर्नेछ र केन्द्रले अन्य कुनै विद्यालयमा व्यवस्थापन गर्न सक्नेछ।

(६) उपनियम (३), (४) र (५) बमोजिमको शिक्षक तथा कर्मचारीको व्यवस्थापन विद्यालय गाभिएको तीन महिनाभित्र गरिसक्नुपर्नेछ।

(७) उपनियम (१) बमोजिम समायोजन वा एकीकरण हुँदा विद्यालय नै खारेज भएमा त्यसरी खारेज भएको विद्यालयको सम्बन्धमा देहाय बमोजिम हुनेछः-

(क) विद्यालय व्यवस्थापन समिति स्वतः खारेज हुने,

(ख) विद्यालयको सम्पत्ति, दायित्व र अभिलेख समायोजन वा एकीकरण भएको विद्यालयमा सर्ने,

(ग) प्रधानाध्यापक शिक्षक पदमा रहने.

(८) उपनियम (१) बमोजिम समायोजन वा एकीकरण भएको विद्यालयको सम्बन्धमा देहाय बमोजिम हुनेछ :-

(क) साविक विद्यालय व्यवस्थापन समितिले निरन्तरता पाउनेछ।

(ख) साविकको प्रधानाध्यापकले प्रधानाध्यापकको जिम्मेवारी पाउनेछ।

तर विद्यालयको तह वृद्धि भएमा ऐन तथा यस नियमावली बमोजिम प्रधानाध्यापकको छनौट गर्नुपर्नेछ।

(ग) साविकको विद्यालयको नाम कायम हुनेछ।

तर त्यसरी समायोजन वा एकीकरण हुने विद्यालय व्यवस्थापन समितिको सहमतिमा स्थानीय तहले नामाकरण गर्न बाधा पर्ने छैन।

edusanjal

(९) स्थानीय तहले शून्य विद्यार्थी सङ्ख्या भएका विद्यालयहरू अनिवार्य रूपमा समायोजन वा एकीकरण गर्नुपर्नेछ।

(१०) स्थानीय तहले नियम ७७ बमोजिम शून्य विद्यार्थी सङ्ख्या भएका विद्यालयहरु एक वर्षभित्र समायोजन वा एकीकरण गरिसक्नु पर्नेछ।

(११) उपनियम (१) बमोजिम एकीकरण वा समायोजन भएका विद्यालयहरुलाई केन्द्रले सिफारिस गरेको मापदण्डको आधारमा मन्त्रालयले सम्बन्धित स्थानीय तह मार्फत प्रोत्साहन अनुदान रकम प्रदान गर्न सक्नेछ।

(१२) विद्यालयले उपनियम (११) बमोजिम प्राप्त गरेको रकम विद्यालयका शिक्षक र कर्मचारीको तलबभत्ता बाहेक अन्य क्षेत्रमा खर्च गर्नुपर्नेछ।"

१३. मूल नियमावलीको नियम १३ मा संशोधन : मूल नियमावलीको नियम १३ को सट्टा देहायको नियम १३ राखिएको छः-

"१३. विद्यालयको कक्षा थप सम्बन्धी व्यवस्था : (१) विद्यालयले कक्षा थप गर्ने सम्बन्धी व्यवस्था स्थानीय तहले निर्धारण गरे बमोजिम हुनेछ।

(२) स्थानीय तहले उपनियम (१) बमोजिम कक्षा थप गर्दा नियम ४ बमोजिमको पूर्वाधार पूरा भएको यकिन गर्नुपर्नेछ।

(३) स्थानीय तहले उपनियम (१) बमोजिम कक्षा थप गर्दा कक्षागत आधारमा क्रमशः कक्षा थप गर्नुपर्नेछ।"

१४. मूल नियमावलीको परिच्छेद-३ मा संशोधन : मूल नियमावलीको परिच्छेद-३ को परिच्छेद शीर्षकमा रहेको "निर्देशक," भन्ने शब्द झिकिएको छ।

१५. मूल नियमावलीको नियम १४ मा संशोधन : मूल नियमावलीको नियम १४ को,-

(१) खण्ड (ज) मा रहेका "तथा प्राथमिक" भन्ने शब्दहरू झिकिएका छन्।

(२) खण्ड (झ) मा रहेका "निर्देशक तथा" भन्ने शब्दहरू झिकिएका छन्।

(३) खण्ड (ञ१) मा रहेका "उच्च माध्यमिक" भन्ने शब्दहरू झिकिएका छन्।

१६. मूल नियमावलीको नियम १६ मा संशोधन : मूल नियमावलीको नियम १६ को,-

(१) खण्ड (ख) झिकिएको छ।

(२) खण्ड (ग) मा रहेको "निर्देशनालय," भन्ने शब्द झिकिएको छ।

(३) खण्ड (ग१) को सट्टा देहायको खण्ड (ग१) राखिएको छ :-

"(ग१) अनौपचारिक शिक्षा र विशेष शिक्षा कार्यक्रम सञ्चालन गर्ने गराउने र सो सम्बन्धी अभिलेख तयार गरी प्रत्येक वर्ष केन्द्र र मन्त्रालयमा पठाउने,"

(४) खण्ड (ग२) झिकिएको छ।

(५) खण्ड (ग३) झिकिएको छ।

(६) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छ:-

"(ङ) आधारभूत तहको अन्तमा लिइने परीक्षा सञ्चालनमा सहजीकरण गर्ने"।

(७) खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छ:-

"(छ) ऐन तथा यस नियमावली बमोजिम विद्यालय नियमित रूपले सञ्चालन भए नभएको, त्यस्तो विद्यालयमा भौतिक साधन र शिक्षक पर्याप्त भए नभएको, उपलब्ध स्रोत साधनको अधिकतम सदुपयोग भए नभएको र निर्धारित स्तरबमोजिम पठनपाठन भए नभएको सम्बन्धमा प्रधानाध्यापक, शिक्षक-अभिभावक सङ्घ र शिक्षकसँग विचार विमर्श गरी सो अनुरूप भएको नदेखिएमा सुधार गर्न स्थानीय तहलाई सुझाव दिने,"

edusanjal

(८) खण्ड (ड) को सट्टा देहायको खण्ड (ड) राखिएको छ :-

"(ड) विद्यालयको निरीक्षण, शिक्षकको तालिम तथा अन्य शैक्षिक क्रियाकलाप गर्ने गराउने"

(९) खण्ड (ण१) पछि देहायका खण्ड (ण२), (ण३) र (ण४) थपिएका छन् :-

"(ण२) सरूवा, बढुवा, रमाना, असाधारण र वेतलवी विदा लगायतका कागजात किताबखानाको अनलाईन प्रणालीमा अध्यावधिक गर्ने,

(ण३) अनलाइन प्रणालीमा प्रमाणित कागजात अपलोड गरी किताबखानाको मुख्य प्रणालीमा सिफारिस गरी पठाउने,

(ण४) किताबखानाबाट निर्णय भइ आए पश्चात सम्बन्धित शिक्षकलाई ई-पेन्सन को अधिकार पत्र उपलब्ध गराउने,"

(१०) खण्ड (थ) र (द) झिकिएका छन्।

(११) खण्ड (प) झिकिएको छ।

(१२) खण्ड (ब) मा रहेका "निर्देशनालय र" भन्ने शब्दहरू झिकिएका छन्।

(१३) खण्ड (भ) मा रहेको "गराउने" भन्ने शब्दको सट्टा "गराउन समन्वय र सहजीकरण गर्ने" भन्ने शब्दहरू राखिएका छन्।

(१४) खण्ड (य) मा रहेका "गर्ने र त्यसको विवरण प्रत्येक दुई महिनामा निर्देशनालयमा पठाउने" भन्ने शब्दहरूको सट्टा "गरी वार्षिक प्रतिवेदन केन्द्रमा पठाउने" भन्ने शब्दहरू राखिएका छन्।

(१५) खण्ड (य१) झिकिएको छ।

(१६) खण्ड (ल) मा रहेका ",केन्द्र तथा निर्देशनालयबाट" भन्ने शब्दहरूको सट्टा "र केन्द्रीय निकायले" भन्ने शब्दहरू राखिएका छन्।

१७. मूल नियमावलीको नियम १८ मा संशोधन : मूल नियमावलीको नियम १८ को खण्ड (झ), (ट) र (ठ) झिकिएका छन्।

१८. मूल नियमावलीको परिच्छेद-५ को परिच्छेद शीर्षकमा संशोधन : मूल नियमावलीको परिच्छेद-५ को परिच्छेद शीर्षकमा रहेका "गाउँ शिक्षा" भन्ने शब्दहरूको सट्टा "गाउँ वा नगर शिक्षा" भन्ने शब्दहरू राखिएका छन्।

१९. मूल नियमावलीको नियम २१ मा संशोधन : मूल नियमावलीको नियम २१ को,-

(१) खण्ड (क) मा रहेका "प्राथमिक शिक्षासम्मको" भन्ने शब्दहरूको सट्टा "आधारभूत तहसम्मको" भन्ने शब्दहरू राखिएका छन्।

(२) खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राखिएको छ :-

"(ञ) गाउँ वा नगर शिक्षा योजना बनाई गाउँ वा नगर कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयन गर्ने,"

(३) खण्ड (ट) को सट्टा देहायको खण्ड (ट) राखिएको छः-

"(ट) गाउँ वा नगर क्षेत्रभित्रका शिक्षित जनशक्तिको अभिलेख राख्ने,"

(४) नियम शीर्षक र ठाउँ-ठाउँमा रहेका "गाउँ शिक्षा" भन्ने शब्दहरूको सट्टा "गाउँ वा नगर शिक्षा" भन्ने शब्दहरू राखिएका छन्।

२०. मूल नियमावलीको नियम २१क. मा संशोधन : मूल नियमावलीको नियम २१क. को सट्टा देहायको नियम २१क. राखिएको छ :-

"२१क. गाउँ वा नगर शिक्षा समितिको सचिवालय : (१) गाउँ वा नगर शिक्षा समितिको सचिवालय सम्बन्धित स्थानीय तहमा हुनेछ।

(२) स्थानीय तहको शिक्षा हेर्ने शाखाले गाउँ वा नगर शिक्षा समितिको सचिवालयको रुपमा कार्य गर्नेछ।

(३) गाउँ वा नगर शिक्षा समितिको अन्य काम, कर्तव्य र अधिकार स्थानीय कानूनले तोके बमोजिम हुनेछ।"

२१. मूल नियमावलीको नियम २२ मा संशोधन : मूल नियमावलीको नियम २२ को सट्टा देहायको नियम २२ राखिएको छः-

"२२. गाउँ वा नगर शिक्षा समितिको बैठक सम्बन्धी कार्यविधि : (१) गाउँ वा नगर शिक्षा समितिको बैठक तीन महिनामा कम्तीमा एक पटक बस्नेछ।

(२) गाउँ वा नगर शिक्षा समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैँले निर्धारण गरे बमोजिम हुनेछ।"

२२. मूल नियमावलीको नियम २३ मा संशोधन : मूल नियमावलीको नियम २३ को,-

(१) उपनियम (१) मा भएको "प्रधानाध्यापकले" भन्ने शब्दको सट्टा "स्थानीय तहले" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छः-

"(३) उपनियम (१) बमोजिम अध्यक्ष वा सदस्य छनौट गर्ने सम्बन्धमा अभिभावकहरूलाई सहयोग गर्नको लागि स्थानीय तहको शिक्षा सम्बन्धी विषय हेर्ने शाखा प्रमुखको संयोजकत्वमा सम्बन्धित वडाले तोकेको वडा सदस्य र सम्बन्धित विद्यालयको प्रधानाध्यापक रहेको तीन सदस्यीय छनौट समिति रहनेछ।"

(३) उपनियम (४) मा रहेका "जिल्ला शिक्षा समितिले" भन्ने शब्दहरूको सट्टा "गाउँ वा नगर शिक्षा समितिले" भन्ने शब्दहरू राखिएका छन्।

(४) उपनियम (४) पछि देहायको उपनियम (५) थपिएको छः-

"(५) यस नियम बमोजिम अध्यक्षको उम्मेदवारले अनुसूची-११ङ. बमोजिमको स्वघोषणा पेस गर्नुपर्नेछ।"

२३. मूल नियमावलीको नियम २५ मा संशोधन : मूल नियमावलीको नियम २५ को,-

(१) उपनियम (१) को,-

(क) खण्ड (छ) मा रहेका "पन्ध्र दिनभित्र" भन्ने शब्दहरूको सट्टा "सात दिनभित्र स्थानीय तह र" भन्ने शब्दहरू राखिएका छन्।

(ख) खण्ड (ज) मा रहेको "लागि" भन्ने शब्द पछि "स्थानीय तह र" भन्ने शब्दहरू थपिएका छन्।

(ग) खण्ड (ट) पछि देहायको खण्ड (ट१) थपिएको छ :-

"(ट१) कुनै पनि अवस्थामा विद्यार्थीको शारीरिक, मनोवैज्ञानिक तथा मनोसामाजिक अवस्थामाथि नकारात्मक असर पर्ने कुनै पनि गतिविधि विद्यालय परिसर वा कक्षा कोठाभित्र सञ्चालन गर्न वा गराउन नदिने,

edusanjal

स्पष्टीकरण: यस खण्डको प्रयोजनका लागि "शारीरिक, मनोवैज्ञानिक तथा मनोसामाजिक अवस्थामाथि नकारात्मक असर पर्ने गतिविधि" भन्नाले पोशाक वा साजसज्जा सम्बन्धी मापदण्ड पालना नगरेको वा शुल्क नतिरेको जस्ता कारणले विद्यार्थीलाई अपमानित गर्ने, सार्वजनिक रूपमा लाञ्छित गर्ने, भेदभावपूर्ण व्यवहार गर्ने, कक्षा वा परीक्षामा सहभागी हुनबाट वञ्चित गर्ने, जबरजस्ती कपाल काट्ने वा कटाउन लगाउने, विद्यार्थीको शारीरिक स्वरूप, पहिरन, शृङ्गार (मेक अप) वा साजसज्जाका आधारमा होच्याउने, लाञ्छित गर्ने वा चरित्रमाथि प्रश्न उठाउने, लामो समयसम्म घाम वा अन्य प्रतिकूल अवस्थामा उभ्याई दण्ड दिने तथा निजको आत्मसम्मान, मर्यादा, शारीरिक तथा मानसिक स्वास्थ्य वा मनोसामाजिक अवस्थामाथि प्रतिकूल असर पुग्ने कुनै कार्य वा व्यवहार सम्झनुपर्छ।"

(घ) खण्ड (ढ) मा रहेको "जानकारी" भन्ने शब्दपछि "स्थानीय तह र" भन्ने शब्दहरू थपिएका छन्।

(ङ) खण्ड (त) झिकिएको छ।

(च) खण्ड (द) मा रहेका "शिक्षा विकास तथा समन्वय इकाइले" भन्ने शब्दहरूको सट्टा "स्थानीय तहले" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपनियम (२) झिकिएको छ।

२४. <u>मूल नियमावलीको नियम २६ मा संशोधन</u> : मूल नियमावलीको नियम २६ को,-

(१) उपनियम (१) को,-

(क) खण्ड (ट) पछि देहायको खण्ड (ट१) थपिएको छः-

"(ट१) नियम २५ को उपनियम (१) को खण्ड (ट१) बमोजिमको कार्य गर्न वा गराउन नदिने,"

(ख) खण्ड (ठ) मा रहेका "शिक्षा विकास तथा समन्वय इकाइ" भन्ने शब्दहरूको सट्टा "स्थानीय तह" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ :-

"(२) व्यवस्थापन समितिले शिक्षक अभिभावक सङ्घ गठन गर्नु पर्नेछ।"

(३) उपनियम (३) झिकिएको छ।

२५. <u>मूल नियमावलीको नियम २८ मा संशोधन</u> : मूल नियमावलीको नियम २८ को,-

(१) खण्ड (ग) मा रहेका "नेपाल सरकार" भन्ने शब्दहरू पछि ",प्रदेश सरकार र स्थानीय तह" भन्ने शब्दहरू थपिएका छन्।

edusanjal

(२) खण्ड (ग१) झिकिएको छ।

२६. <u>मूल नियमावलीको नियम २९ मा संशोधन</u> : मूल नियमावलीको नियम २९ को,-

(१) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :-

"(ग) विद्यालयमा सञ्चालित कक्षा मध्ये सबैभन्दा माथिल्लो वा सो सरहको परीक्षा उत्तीर्ण नगरेको,"

(२) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छ :-

"(घ) अध्यक्षको लागि भए वडाध्यक्ष, वडा सदस्य, बहालवाला शिक्षक वा बहालवाला कर्मचारी रहेको,"

(३) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छ :-

"(ङ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, तोडफोड तथा आगजनी, लागू औषध बिक्री वितरण तथा ओसारपसार, सम्पत्ति शुद्धीकरण, अवैध रुपमा वन्यजन्तु ओसारपसार, सङ्गठित अपराध, राहदानी दुरुपयोग, जातीय भेदभाव तथा छुवाछुत, अपहरण सम्बन्धी कसूर वा नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट सजाय पाएको,"

edusanjal

(४) खण्ड (ङ) पछि देहायका खण्ड (च), (छ), (ज), (झ) र (ञ) थपिएका छन् :-

"(च) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिएको,

(छ) संस्थागत विद्यालय वा अन्य शैक्षिक संस्था वा शैक्षिक परामर्श सेवा प्रदायक संस्थामा लगानी भएको,

(ज) विद्यालय व्यवस्थापन समिति गठन हुनुभन्दा कम्तिमा पाँच वर्ष अगाडि देखि कुनै राजनैतिक दलको सदस्यता नलिएको,

(झ) शिक्षक तथा कर्मचारीबाट अवकाश भएको दुई वर्ष पूरा नभएको,

(ञ) नियम २४ बमोजिमको प्रतिबन्धात्मक वाक्यांशमा उल्लिखित अभिभावकको हकमा निजको विद्यार्थी विद्यालयमा अध्ययनरत नभएको।"

२७. <u>मूल नियमावलीको नियम ३० मा संशोधन</u> : मूल नियमावलीको नियम ३० को,-

(१) उपनियम (१) मा रहेको "सामुदायिक" भन्ने शब्द झिकिएको छ।

(२) उपनियम (२) पछि देहायको उपनियम (२क) थपिएको छ :-

"(२क) उपनियम (२) बमोजिमको समितिमा अध्यक्ष सहित कम्तिमा सात जना अभिभावक हुनुपर्नेछ।"

(३) उपनियम (५) को खण्ड (ग) पछि देहायको खण्ड (घ) थपिएको छ :-

"(घ) विद्यालयको सामाजिक परीक्षण गर्ने गराउने।"

(४) उपनियम (६) झिकिएको छ।

२८. <u>मूल नियमावलीको नियम ३२ मा संशोधन</u> : मूल नियमावलीको नियम ३२ को उपनियम (१) को,-

(१) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छ :-

"(घ) सहसचिव (विद्यालय शिक्षा सम्बन्धी विषय हेर्ने), मन्त्रालय -सदस्य"

(२) खण्ड (ङ१) र (ङ२) झिकिएका छन्।

(३) खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छ :-

"(च) सदस्य-सचिव, राष्ट्रिय परीक्षा बोर्ड -सदस्य"

(४) खण्ड (ज) को सट्टा देहायको खण्ड (ज) राखिएको छ :-

"(ज) प्रमुख, पाठ्यक्रम सम्बन्धी विषय हेर्ने, प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् -सदस्य"

edusanjal

(५) खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राखिएको छ :-

"(झ) पाठ्यक्रम विज्ञ तथा विद्यालय शिक्षामा ख्यातिप्राप्त व्यक्तिहरूमध्ये मन्त्रालयबाट मनोनित कम्तीमा एक जना महिलासहित तीनजना -सदस्य"

(६) खण्ड (ट) र (ठ) झिकिएका छन्।

(७) खण्ड (ड) को सट्टा देहायको खण्ड (ड) राखिएको छ :-

"(ड) प्रतिनिधि, नेपाल शिक्षक महासङ्घ -सदस्य"

(८) खण्ड (ढ) मा रहेका "कार्यकारी निर्देशक" भन्ने शब्दहरूको सट्टा "महानिर्देशक" भन्ने शब्द राखिएको छ।

२९. <u>मूल नियमावलीको नियम ३३ मा संशोधन</u> : मूल नियमावलीको नियम ३३ को,-

(१) खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छ :-

"(छ) प्रदेश र स्थानीय तहबाट पाठ्यक्रम सम्बन्धी सुझाव लिने,"

(३) खण्ड (ज४) झिकिएको छ।

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

३०. <u>मूल नियमावलीको नियम ३५ मा संशोधन</u> : मूल नियमावलीको नियम ३५ को,-

(१) उपनियम (१) मा रहेका "शिक्षा विकास तथा समन्वय इकाइ" भन्ने शब्दहरूका सट्टा "स्थानीय तह" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपनियम (२) र (३) मा रहेका "शिक्षा विकास तथा समन्वय इकाइ प्रमुखको" भन्ने शब्दहरूको सट्टा "प्रमुख प्रशासकीय अधिकृतको" भन्ने शब्दहरू राखिएका छन्।

३१. <u>मूल नियमावलीको नियम ३६ मा संशोधन</u> : मूल नियमावलीको नियम ३६ को,-

(१) उपनियम (१) र (२) मा रहेका "शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख" भन्ने शब्दहरू पछि "र प्रमुख प्रशासकीय अधिकृत" भन्ने शब्दहरू थपिएका छन्।

(२) मूल नियमावलीको नियम ३६ को ठाउँ-ठाउँमा रहेका "निर्देशक तथा" भन्ने शब्दहरू झिकिएका छन्।

३२. <u>मूल नियमावलीको नियम ३७ मा संशोधन</u> : मूल नियमावलीको नियम ३७ को,-

(१) उपनियम (१) मा रहेका "शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख" भन्ने शब्दहरू पछि "र प्रमुख प्रशासकीय अधिकृत" भन्ने शब्दहरू थपिएका छन्।

edusanjal

(२) उपनियम (३) मा रहेका "शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख" भन्ने शब्दहरू पछि "र प्रमुख प्रशासकीय अधिकृत" भन्ने शब्दहरू थपिएका छन्।

३३. <u>मूल नियमावलीको नियम ३८ मा संशोधन</u> : मूल नियमावलीको नियम ३८ को उपनियम (१) को,-

(१) खण्ड (क), (ख), (ग) र (ङ) को सट्टा देहायका खण्ड (क), (ख), (ग) र (ङ) राखिएका छन् :-

"(क) सहसचिव, मन्त्रालयको विद्यालय शिक्षा सम्बन्धी विषय हेर्ने - अध्यक्ष

(ख) परीक्षा नियन्त्रक, राष्ट्रिय परीक्षा बोर्ड - सदस्य

(ग) प्रतिनिधि, विश्वविद्यालय अनुदान आयोग - सदस्य

(ङ) महानिर्देशक, पाठ्यक्रम विकास केन्द्र - सदस्य"

(२) खण्ड (घ) मा रहेका "उच्च माध्यमिक शिक्षा परिषद्" भन्ने शब्दहरूको सट्टा "प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद्" भन्ने शब्दहरू राखिएका छन्।

(३) खण्ड (ङ) पछि देहायको खण्ड (च) थपिएको छ :-

"(च) निर्देशक, पाठ्यक्रम विकास केन्द्र -सदस्य-सचिव"

३४. <u>मूल नियमावलीको नियम ३९ मा संशोधन</u> : मूल नियमावलीको नियम ३९ को सट्टा देहायको नियम ३९ राखिएको छ :-

"३९. <u>सिकाइ उपलब्धि परीक्षण समिति सम्बन्धी व्यवस्था</u> : (१) आधारभूत तहका विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गर्नको लागि स्थानीय तहमा देहाय बमोजिमको एक सिकाइ उपलब्धि परीक्षण समिति रहनेछ :-

(क) स्थानीय तहभित्रको माध्यमिक विद्यालयको प्रधानाध्यापक मध्ये स्थानीय तहले तोकेको प्रधानाध्यापक -अध्यक्ष

(ख) स्थानीय तह अन्तर्गतका विद्यालयका आधारभूत र माध्यमिक तहका शिक्षकहरूको प्रतिधित्व हुने गरी कम्तीमा एकजना महिला सहित प्रमुख प्रशासकीय अधिकृतले मनोनीत गरेको दुईजना -सदस्य

(ग) प्रतिनिधि, शिक्षा विकास तथा समन्वय इकाइ -सदस्य

(घ) प्रमुख, शिक्षा सम्बन्धी विषय हेर्ने वा निजले तोकेको कर्मचारी,स्थानीय तह -सदस्य-सचिव

(२) उपनियम (१) को खण्ड (क) र (ख) बमोजिमका सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ।

(३) उपनियम (१) बमोजिमको समितिले विद्यार्थीको सिकाई उपलब्धि परीक्षण गर्न आवश्यक पर्ने परीक्षा सम्बन्धी सम्पूर्ण काम गर्नेछ।

(४) उपनियम (१) बमोजिमको समितिलाई विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गर्न आवश्यक पर्ने परीक्षा सम्बन्धी सम्पूर्ण काममा सहयोग पुऱ्याउनु विद्यालयको कर्तव्य हुनेछ।"

३५. <u>मूल नियमावलीको नियम ४० मा संशोधन</u> : मूल नियमावलीको नियम ४० को,-

(१) उपनियम (१) को,-

(क) खण्ड (क) र (ख) मा रहेका "शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख" भन्ने शब्दहरूको सट्टा "प्रमुख प्रशासकीय अधिकृत" भन्ने शब्दहरू राखिएका छन्।

(ख) खण्ड (ग) मा रहेका "शिक्षा विकास तथा समन्वय इकाइको परीक्षा शाखा हेर्ने अधिकृत" भन्ने शब्दहरूको सट्टा "स्थानीय तहको शिक्षा सम्बन्धी विषय हेर्ने शाखा प्रमुख वा निजले तोकेको कर्मचारी" भन्ने शब्दहरू राखिएका छन्।

edusanjal

(२) ठाउँ-ठाउँमा रहेका "निम्न माध्यमिक" भन्ने शब्दहरूको सट्टा "आधारभूत तह" भन्ने शब्दहरू राखिएका छन्।

३६. <u>मूल नियमावलीको नियम ४१ मा संशोधन</u> : मूल नियमावलीको नियम ४१ को,-

(१) उपनियम (१) को खण्ड (झ) मा रहेको "निर्देशनालय" भन्ने शब्दको सट्टा "स्थानीय तह" भन्ने शब्दहरू राखिएका छन्।

(२) नियम शीर्षक र ठाउँ-ठाउँमा रहेका "निम्न माध्यमिक" भन्ने शब्दहरूको सट्टा "आधारभूत तह" भन्ने शब्दहरू राखिएका छन्।

३७. <u>मूल नियमावलीको नियम ५३ मा संशोधन</u> : मूल नियमावलीको नियम ५३ को उपनियम (१) को,-

(१) खण्ड (ट) को सट्टा देहायको खण्ड (ट) राखिएको छ :-

"(ट) सहसचिव (विद्यालय शिक्षा सम्बन्धी विषय हेर्ने), मन्त्रालय -सदस्य"

(२) खण्ड (ढ), (ण) र (त) झिकिएका छन्।

(३) खण्ड (द) को सट्टा देहायको खण्ड (द) राखिएको छ :-

"(द) प्रतिनिधि, नेपाल शिक्षक महासङ्घ -सदस्य"

edusanjal

(४) खण्ड (ध) को सट्टा देहायको खण्ड (ध) राखिएको छ :-

"(ध) उपमहानिर्देशक (अनौपचारिक शिक्षा सम्बन्धी विषय हेर्ने), केन्द्र -सदस्य-सचिव"

३८. <u>मूल नियमावलीको नियम ५४ मा संशोधन</u> : मूल नियमावलीको नियम ५४ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

"(१) जिल्लास्तरमा अनौपचारिक शिक्षाको रेखदेख, व्यवस्थापन, समन्वय र निरीक्षण गर्नका लागि देहायका सदस्यहरु रहेको एक जिल्ला अनौपचारिक शिक्षा समिति रहनेछ :-

(क) जिल्ला समन्वय समितिको प्रमुख - अध्यक्ष

(ख) प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृत - सदस्य

(ग) जिल्ला समन्वय अधिकारी, जिल्ला समन्वय समिति - सदस्य

(घ) जिल्ला भित्रका स्थानीय तहको महिला तथा बालबालिका सम्बन्धी विषय हेर्ने अधिकृतहरूमध्ये अध्यक्षले मनोनित गरेको एकजना - सदस्य

(ङ) अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गर्ने गैह्रसरकारी संस्थाहरु मध्येबाट जिल्ला शिक्षा समितिले मनोनीत गरेको एकजना - सदस्य

(च) दलित तथा अपाङ्गता भएका व्यक्तिहरू मध्येबाट कम्तिमा एकजना महिला सहित जिल्ला अनौपचारिक शिक्षा समितिले मनोनित गरेका दुईजना - सदस्य

(छ) प्रतिनिधि, नेपाल शिक्षक महासंङ्घ - सदस्य

शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख -सदस्य-सचिव"

३९. <u>मूल नियमावलीको नियम ५५ मा संशोधन</u> : मूल नियमावलीको नियम ५५ को उपनियम (१) मा रहेका "गाउँ विकास समिति वा नगरपालिका" भन्ने शब्दहरूको सट्टा "स्थानीय तह" भन्ने शब्दहरू राखिएका छन्।

४०. <u>मूल नियमावलीको नियम ५७ मा संशोधन</u> : मूल नियमावलीको नियम ५७ को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

"(१) दूर शिक्षा सम्बन्धी नीति निर्माण, समन्वय, रेखदेख तथा व्यवस्थापन गर्नको लागि देहायको एक दूर शिक्षा समिति रहनेछ :-

(क) मन्त्रालयको सचिव - अध्यक्ष

edusanjal

(ख) सहसचिव (विद्यालय शिक्षा सम्बन्धी विषय हेर्ने), मन्त्रालय - सदस्य

(ग) सहसचिव (सञ्चार तथा सूचना प्रविधि सम्बन्धी विषय हेर्ने, मन्त्रालय - सदस्य

(घ) महानिर्देशक, केन्द्र - सदस्य

(ङ) महानिर्देशक, पाठ्यक्रम विकास केन्द्र - सदस्य

(च) दूरशिक्षा सञ्चालन गर्ने शिक्षण संस्थाहरू मध्येबाट मन्त्रालयले मनोनित गरेको एकजना - सदस्य

(छ) प्रतिनिधि, नेपाल शिक्षक महासङ्घ - सदस्य

(ज) उपमहानिर्देशक, केन्द्रको दूर शिक्षा सम्बन्धी विषय हेर्ने - सदस्य सचिव"

(२) उपनियम (३) मा रहेका "शैक्षिक जनशक्ति विकास" भन्ने शब्दहरू झिकिएका छन्।

४१. <u>मूल नियमावलीको नियम ५९ मा संशोधन</u> : मूल नियमावलीको नियम ५९ मा रहेका "शैक्षिक जनशक्ति विकास" भन्ने शब्दहरू झिकिएका छन्।

४२. <u>मूल नियमावलीको नियम ६० मा संशोधन</u> : मूल नियमावलीको नियम ६० को सट्टा देहायको नियम ६० राखिएको छ :-

"६०. <u>विशेष शिक्षा प्रदान गर्न सकिने</u> : दृष्टिविहिन, न्यूनदृष्टि, श्रवणविहिन, सुस्तमनस्थिति, बौद्धिक अपाङ्गता, अटिज्म, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई विशेष शिक्षा प्रदान गर्न सकिनेछ।"

४३. <u>मूल नियमावलीको नियम ६५ मा संशोधन</u> : मूल नियमावलीको नियम ६५ को सट्टा देहायको नियम ६५ राखिएको छ :-

"६५. <u>विशेष शिक्षक दरबन्दी सम्बन्धी व्यवस्था</u> : (१) यो नियम प्रारम्भ हुँदाका बखत विशेष शिक्षा परिषद्बाट स्वीकृत भएका शिक्षक दरबन्दी विशेष शिक्षक दरबन्दीमा रुपान्तरण हुनेछन्।

(२) उपनियम (१) बमोजिम कायम भएको दरबन्दी राष्ट्रिय किताबखाना (शिक्षक) मा विशेष दरबन्दीको रुपमा दर्ता हुनेछ र शिक्षक सेवा आयोगको सिफारिसमा त्यस्तो दरबन्दीमा पदपूर्ति हुनेछ।

(३) मन्त्रालयले उपनियम (२) बमोजिमको दरबन्दी विशेष विद्यालय वा स्रोतकक्षा सञ्चालन भएको विद्यालयमा वितरण गर्नेछ।

(४) उपनियम (२) बमोजिम पदपूर्ति भएका शिक्षकको नियुक्ति, सेवाको शर्त र सुविधा सम्बन्धी व्यवस्था साधारण विद्यालयको स्थायी शिक्षक सरह हुनेछ।

edusanjal

(५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विशेष शिक्षा परिषद्बाट स्थायी नियुक्ति पाई अविच्छिन्न सेवा गरी सेवावाट अलग हुने वा भईसकेका शिक्षकलाई उमेरको हद साठी वर्षमा नबढ्ने गरी देहाय बमोजिम एकमुष्ट सुविधा दिइनेछ :-

(क) पाँच वर्षदेखि दश वर्षसम्म सेवा गरेको शिक्षकले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी आधा महिनाको तलब,

(ख) दश वर्षभन्दा बढी पन्ध्र वर्षसम्म सेवा गरेको शिक्षकले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी एक महिनाको तलब,

(ग) पन्ध्र वर्षभन्दा बढी सेवा गरेको शिक्षकले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी डेढ महिनाको तलब।

(६) उपनियम (५) बमोजिमको सुविधा प्राप्त गर्ने शिक्षकले साधारण शिक्षक सरह सञ्चित बिरामी बिदाको रकम पाउनेछ।"

४४. <u>मूल नियमावलीमा नियम ६५क. थप</u> : मूल नियमावलीको नियम ६५ पछि देहायको नियम ६५क. थपिएको छ :-

"६५क. **स्रोत केन्द्र वा स्रोत कक्षा सम्बन्धी व्यवस्था** : (१) स्थानीय तहले मापदण्ड निर्धारण गरी बौद्धिक अपाङ्गता, अटिज्म, श्रवणविहीन, दृष्टिविहीन, बहिरा जस्ता अपाङ्गताको प्रकृति र गाम्भिर्यता, भौगोलिक विषमता र दुरीका आधारमा स्रोत केन्द्र वा स्रोत कक्षाको सञ्चालन तथा व्यवस्थापन गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिमको स्रोत केन्द्र वा स्रोत कक्षालाई स्थानीय तहको सिफारिसको आधारमा नेपाल सरकार वा प्रदेश सरकारले अनुदान उपलब्ध गराउन सक्नेछ।

तर त्यसरी उपलब्ध गराउँदा दोहोरो नपर्ने गरी गर्नु पर्नेछ।"

४५. **मूल नियमावलीको नियम ६७ मा संशोधन** : मूल नियमावलीको नियम ६७ को ठाउँ-ठाउँमा रहेका "गाउँ विकास समिति वा नगरपालिका" भन्ने शब्दहरूको सट्टा "स्थानीय तह" भन्ने शब्दहरू राखिएका छन्।

४६. **मूल नियमावलीको नियम ७२ मा संशोधन** : मूल नियमावलीको नियम ७२ को,-

(१) उपनियम (१) को,-

(क) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :-

"(ख) अध्यक्ष, राष्ट्रिय परीक्षा बोर्ड - सदस्य"

(ख) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :-

"(ग) सचिव, मन्त्रालय - सदस्य"

(ग) खण्ड (ट) मा रहेको "गरेको" भन्ने शब्दपछि "एकजना महिला सहित" भन्ने शब्दहरू थपिएका छन्।

(घ) खण्ड (ठ) झिकिएको छ।

(ङ) खण्ड (ड) को सट्टा देहायको खण्ड (ड) राखिएको छ :-

"(ड) शिक्षक तालीम सम्बन्धी प्रदेश सरकारका निकायका प्रमुखहरुमध्ये मन्त्रालयले मनोनित गरेको एकजना - सदस्य"

(च) खण्ड (ढ) मा रहेका "शिक्षक युनियन" भन्ने शब्दहरूको सट्टा "नेपाल शिक्षक महासङ्घ" भन्ने शब्दहरू राखिएका छन्।

(छ) खण्ड (ण) को सट्टा देहायको खण्ड (ण) राखिएको छ :-

"(ण) उपमहानिर्देशक (शैक्षिक जनशक्ति सम्बन्धी विषय हेर्ने), केन्द्र -सदस्य-सचिव"

५२. <u>मूल नियमावलीको नियम ८३ मा संशोधन</u> : मूल नियमावलीको नियम ८३ को प्रतिबन्धात्मक वाक्यांशमा रहेको "छ" भन्ने शब्दको सट्टा "नौ" भन्ने शब्द राखी सोही खण्डमा रहेको "नौ" भन्ने शब्दको सट्टा "एघार" भन्ने शब्द राखिएको छ।

५३. <u>मूल नियमावलीको नियम ८४ मा संशोधन</u> : मूल नियमावलीको नियम ८४ को उपनियम ५ मा देहाय बमोजिमको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर कुनै विशिष्ट कारणबाट एक शैक्षिक सत्रमा दुई सय बीस कार्य दिन पुग्न नसक्ने भएमा तोकिएको पाठ्यभार र पाठ्यघण्टा मिलान हुने गरी मन्त्रालयले काम गर्ने दिन समायोजन गर्न सक्नेछ।"

५४. <u>मूल नियमावलीको नियम ८५ मा संशोधन</u> : मूल नियमावलीको नियम ८५ को उपनियम (३) मा रहेको "पैतालिस" भन्ने शब्दको सट्टा "तीस" भन्ने शब्द राखिएको छ।

५५. <u>मूल नियमावलीको नियम ८७ मा संशोधन</u> : मूल नियमावलीको नियम ८७ को सट्टा देहायको नियम ८७ राखिएको छ :-

"८७. <u>विद्यालयको तह विभाजन</u> : विद्यालयलाई देहाय बमोजिमका तहमा विभाजन गरिएको छ :-

(क) कक्षा एक देखि कक्षा आठ सम्म आधारभूत तह

edusanjal

(ख) कक्षा नौ देखि कक्षा बाह्र सम्म माध्यमिक तह"

५६. <u>मूल नियमावलीको नियम ९३ मा संशोधन</u> : मूल नियमावलीको नियम ९३ को,-

(१) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ :-

"(२) स्थानीय तहले सामुदायिक विद्यालयमा रिक्त प्रधानाध्यापक पदमा नियुक्तिको लागि आधारभूत तहको हकमा स्नातक र माध्यमिक तहको हकमा स्नातकोत्तर उत्तीर्ण गरी सम्बन्धित विद्यालयको सम्बन्धित तहमा कार्यरत स्थायी शिक्षकहरुमध्येबाट दरखास्त आह्वान गर्नेछ।

तर शिक्षाशास्त्र विषयमा स्नातक तह वा सो सरहको परीक्षा उतीर्ण गरी पाँच वर्ष स्थायी सेवा गरेको शिक्षक माध्यमिक तहको प्रधानाध्यापक पदमा र शिक्षाशास्त्र विषयमा प्रमाणपत्र तह वा सो सरह उतीर्ण गरी पाँच वर्ष स्थायी सेवा गरेको शिक्षक आधारभुत तहको प्रधानाध्यापकको पदमा उम्मेदवार हुन पाउनेछ।

(२) उपनियम (२) पछि देहायको उपनियम (२क) थपिएको छ :-

"(२क) नियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित विद्यालयको सम्बन्धित तहमा स्थायी शिक्षक कार्यरत नरहेमा स्थानीय तह भित्रको जुनसुकै विद्यालय र स्थानीय तहभित्रको सम्बन्धित तहमा समेत स्थायी शिक्षक कार्यरत

(२) उपनियम (३) मा रहेका "शैक्षिक जनशक्ति विकास केन्द्रले" भन्ने शब्दहरूको सट्टा "केन्द्रले" भन्ने शब्द राखिएको छ।

४७. <u>मूल नियमावलीको नियम ७७ मा संशोधन</u> : मूल नियमावलीको नियम ७७ को उपनियम (१) मा रहेका "पैंतालीस र चालीस" भन्ने शब्दहरूको सट्टा "चालीस र तीस" भन्ने शब्दहरू राखिएका छन्।

४८. <u>मूल नियमावलीको नियम ७८ मा संशोधन</u> : मूल नियमावलीको नियम ७८ को,-

(१) उपनियम (१) को,-

(क) खण्ड (क) मा रहेको "छ" भन्ने शब्दको सट्टा "आठ" राखी सोही खण्डमा रहेको "पाँच" भन्ने शब्दको सट्टा "सात" भन्ने शब्द राखिएको छ।

(ख) खण्ड (ख) मा रहेका "निम्न माध्यमिक" भन्ने शब्दहरूको सट्टा "आधारभूत" भन्ने शब्द राखिएको छ।

(२) उपनियम (६) को सट्टा देहायको उपनियम (६) राखिएको छ :-

**"(६) पाँच वर्ष पूरा नभएमा एक कक्षामा भर्ना गर्नु हुँदैन।"**

edusanjal

४९. <u>मूल नियमावलीको नियम ७९ मा संशोधन</u> : मूल नियमावलीको नियम ७९ को ठाउँ-ठाउँमा रहेका "शिक्षा विकास तथा समन्वय इकाइ" भन्ने शब्दहरूको सट्टा "स्थानीय तह" भन्ने शब्दहरू राखिएका छन्।

५०. <u>मूल नियमावलीको नियम ८० मा संशोधन</u> : मूल नियमावलीको नियम ८० को,-

(१) उपनियम (३) मा रहेको "प्राथमिक" भन्ने शब्दको सट्टा "आधारभूत" भन्ने शब्द राखी सोही उपनियममा रहेका "नियमानुसार लाग्ने" भन्ने शब्दहरूको सट्टा "स्थानीय तहले तोकेको" भन्ने शब्दहरू राखिएका छन्।

(२) नियम शीर्षकमा रहेका "स्थानन्तरण प्रमाणपत्र" भन्ने शब्दहरूपछि "वा चारित्रिक प्रमाणपत्र" भन्ने शब्दहरू थपी ठाउँ-ठाउँमा रहेका "स्थानन्तरण प्रमाणपत्र" भन्ने शब्दहरूपछि "वा चारित्रिक प्रमाणपत्र वा दुवै" भन्ने शब्दहरू थपिएका छन्।

र ठाउँ ठाउँमा रहेका "स्थानान्तरण प्रमाणपत्र" भन्ने शब्दहरूपछि "वा चारित्रिक प्रमाणपत्र वा दुवै" भन्ने शब्दहरू थपिएका छन्।

५१. <u>मूल नियमावलीको नियम ८२ मा संशोधन</u> : मूल नियमावलीको नियम ८२ को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (२) मा रहेको "छ" भन्ने शब्दको सट्टा "नौ" भन्ने शब्द राखी सोही खण्डमा रहेको "नौ" भन्ने शब्दको सट्टा "एघार" भन्ने शब्द राखिएको छ।

(२) खण्ड (ड) मा रहेको "प्रतिवेदन" भन्ने शब्दपछि "स्थानीय तह," भन्ने शब्दहरू थपिएका छन्।

(३) खण्ड (ढ) मा रहेको "सम्बन्धमा" भन्ने शब्दपछि "स्थानीय तह," भन्ने शब्दहरू थपिएका छन्।

(४) खण्ड (न) मा रहेको "गराई" भन्ने शब्दपछि "स्थानीय तह र" भन्ने शब्दहरू थपिएका छन्।

(५) खण्ड (प) झिकिएको छ।

(६) खण्ड (र) मा रहेका "शिक्षा विकास तथा समन्वय इकाइ" भन्ने शब्दहरूको सट्टा "स्थानीय तह" भन्ने शब्दहरू राखिएका छन्।

(७) खण्ड (व) को शुरुमा "स्थानीय तह" भन्ने शब्दहरू थपिएका छन्।

(८) खण्ड (श) मा रहेका "निरीक्षकद्वारा प्रमाणित गराई शिक्षा विकास तथा समन्वय इकाइ" भन्ने शब्दहरूको सट्टा "व्यवस्थापन समितिद्वारा प्रमाणित गराई स्थानीय तह" भन्ने शब्दहरू राखिएका छन्।

५८. <u>मूल नियमावलीको नियम ९५ मा संशोधन</u> : मूल नियमावलीको नियम ९५ को,-

(१) उपनियम (४) मा रहेका "सम्बन्धित विद्यालयमा" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित स्थानीय तहमा" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपनियम (५) मा रहेका "तीन प्रति" भन्ने शब्दहरूको सट्टा "चार प्रति" भन्ने शब्दहरू राखिएका छन्।

(३) उपनियम (६) मा रहेका "शिक्षा विकास तथा समन्वय इकाइमा" भन्ने शब्दहरू पछि "एक प्रति सम्बन्धित स्थानीय तहमा" भन्ने शब्दहरू थपिएका छन्।

५९. <u>मूल नियमावलीको नियम ९६क. मा संशोधन</u> : मूल नियमावलीको नियम ९६क. को,-

(१) उपनियम (१) मा रहेका ",समुदायद्वारा सञ्चालित विद्यालयमा सामुदायिक शिक्षक, अन्य शिक्षक तथा प्रधानाध्यापकको नियुक्ति र त्यसरी नियुक्ति भएका शिक्षकको वढुवाको लागि सिफारिस गर्न वा संस्थागत विद्यालयमा स्थायी शिक्षक नियुक्तिको लागि सिफारिस गर्न" भन्ने शब्दहरू झिकिएका छन्।

(२) उपनियम (१) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :-

"(ख) स्थानीय तहको शिक्षा सम्बन्धी विषय हेर्ने शाखा प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत कर्मचारी -सदस्य"

नरहेमा जिल्लाभित्रको जुनसुकै विद्यालयमा कार्यरत स्थायी शिक्षकहरुबाट दरखास्त आह्वान गर्न बाधा पर्ने छैन।" .

(३) उपनियम (६) को सट्टा देहायको उपनियम (६) राखिएको छ :-

"(६) उपनियम (५) बमोजिम सिफारिस प्राप्त भएमा निजले पेस गरेको विद्यालय विकास प्रस्तावमा लेखिएका सूचकहरु समयबद्ध रुपमा पूरा गर्ने कार्यसम्पादन करार गरी स्थानीय तहले सात दिनभित्र सम्बन्धित उम्मेदवारलाई प्रधानाध्यापक पदमा नियुक्ति गर्नेछ।"

(४) उपनियम (७) झिकिएको छ।

(५) उपनियम (९) को सट्टा देहायको उपनियम (९) राखिएको छ :-

"(९) प्रधानाध्यापकले आफूले गरेको कार्यदक्षता करार बमोजिम काम नगरेको वा निजको कार्य सन्तोषजनक नभएको वा निजको आचरण खराब रहेको कुरा स्थानीय तहको शिक्षा सम्बन्धी विषय हेर्ने शाखा प्रमुख वा निजले तोकेको अधिकृतले दिएको प्रतिवेदन र व्यवस्थापन समितिको सिफारिसबाट देखिएमा स्थानीय तह प्रमुखले निजलाई प्रधानाध्यापकको पदबाट जहिलेसुकै हटाउन सक्नेछ।"

(६) उपनियम (११) को,-

(क) खण्ड (क) मा रहेका "पाँच सय" भन्ने शब्दहरूको सट्टा "तीन हजार" भन्ने शब्दहरू राखिएका छन्।

(ख) खण्ड (ख) मा रहेका "निम्न माध्यमिक" भन्ने शब्दहरूको सट्टा "आधारभूत तह (कक्षा छदेखि कक्षा आठसम्म)" भन्ने शब्दहरू राखी सोही खण्डमा रहेका "तीन सय" भन्ने शब्दहरूको सट्टा "दुई हजार" भन्ने शब्दहरू राखिएका छन्।

(ग) खण्ड (ग) मा रहेका "प्राथमिक विद्यालयको" भन्ने शब्दहरूको सट्टा "आधारभूत तह (कक्षा एकदेखि कक्षा पाँचसम्म)" भन्ने शब्दहरू राखी सोही खण्डमा रहेका "दुई सय" भन्ने शब्दहरूको सट्टा "एक हजार" भन्ने शब्दहरू राखिएका छन्।

(७) उपनियम (१२) मा रहेका "सो विद्यालयमा" भन्ने शब्दहरू पछि "सोही तहमा" भन्ने शब्दहरू थपिएका छन्।

५७. <u>मूल नियमावलीको नियम ९४ मा संशोधन</u> : मूल नियमावलीको नियम ९४ को,-

(१) खण्ड (ठ) को सट्टा देहायको खण्ड राखिएको छ :-

"(ठ) शिक्षक र कर्मचारीलाई दिइएको सजायको अभिलेख राख्ने तथा त्यसतो अभिलेख स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइ प्रमुखले हेर्न चाहेमा देखाउने,"

edusanjal

(३) उपनियम (६) मा रहेका "शिक्षा विकास तथा समन्वय इकाइले" भन्ने शब्दहरूको सट्टा "स्थानीय तहले" भन्ने शब्दहरू राखिएका छन्।

(४) उपनियम (७) मा रहेका "जिल्ला सदरमुकाम वा स्रोत केन्द्रमा" भन्ने शब्दहरूको सट्टा "स्थानीय तहले तोकेको स्थानमा" भन्ने शब्दहरू राखिएका छन्।

६०. <u>मूल नियमावलीको नियम ९७ मा संशोधन</u> : मूल नियमावलीको नियम ९७ को,-

(१) उपनियम (१) मा रहेका "व्यवस्थापन समितिले शिक्षा विकास तथा समन्वय इकाइमार्फत" भन्ने शब्दहरूको सट्टा "स्थानीय तहले" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपनियम (४) मा रहेका "निम्न माध्यमिक तहमा" भन्ने शब्दहरूको सट्टा "आधारभूत तह (कक्षा छ देखि आठ) मा" भन्ने शब्दहरू राखिएका छन्।

(३) उपनियम (५) मा रहेका "सम्बन्धित विद्यालयको स्रोत केन्द्र र सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकामा" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित विद्यालय र स्थानीय तहमा" भन्ने शब्दहरू राखिएका छन्।

(४) उपनियम (५) पछि देहायको उपनियम (५क) थपिएको छ :-

"(५क) उपनियम (५) बमोजिम गरिएको विज्ञापन बमोजिम कुनै उम्मेदवारको निवेदन नपरेमा र माध्यमिक तहको गणित वा विज्ञान विषयको हकमा सम्बन्धित विषयमा स्नातकोत्तर योग्यता हासिल गरेको उम्मेदवार उपलब्ध नभएमा एक वर्षको कार्य अनुभव भएका सम्बन्धित विषयमा स्नातक गरेका व्यक्तिहरुबाट सात दिनको म्याद दिई पुनः विज्ञापनको सूचना प्रकाशन गर्नुपर्नेछ।"

edusanjal

(५) उपनियम (७) मा रहेको "जानकारी" भन्ने शब्दपछि "स्थानीय तह र" भन्ने शब्दहरू थपिएका छन्।

(६) उपनियम (९) मा रहेको "विद्यालयले" भन्ने शब्दपछि "स्थानीय तह र" भन्ने शब्दहरू थपिएका छन्।

६१. <u>मूल नियमावलीको नियम ९९ मा संशोधन</u> : मूल नियमावलीको नियम ९९ को सट्टा देहायको नियम ९९ राखिएको छ :-

"९९. <u>सरूवा सम्बन्धी व्यवस्था</u> : (१) स्थायी सेवा अवधि तीन वर्ष पूरा भएको शिक्षकलाई एक सामुदायिक विद्यालयबाट अर्को सामुदायिक विद्यालयमा सरूवा गर्न सकिनेछ।

तर उपनियम (११) मा उल्लिखित प्राथमिकतामा पर्ने स्थायी शिक्षकको हकमा यो उपनियम लागु हुने छैन।

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

(२) सरूवा गर्दा आधारभूत तहको कक्षागत शिक्षकलाई समान तहको रिक्त पदमा र आधारभूत तहको विषयगत र माध्यमिक तहको शिक्षकलाई विषयगत रिक्त पदमा मात्र सरूवा गर्नु पर्नेछ।

(३) सामुदायिक विद्यालयका लागि नेपाल सरकारबाट स्वीकृत भई दरबन्दीमा कार्यरत शिक्षक सरूवा भई अन्यत्र गएमा वा अनिवार्य अवकाश भएमा वा मृत्यु भएमा वा स्वेच्छिक अवकाश लिएमा वा प्रचलित कानूनबमोजिम सेवाबाट हटाइएको वा बर्खास्त गरिएको सूचना विद्यालयमा प्राप्त भएमा वा नयाँ दरबन्दी थप भएको अवस्थामा शिक्षक पद रिक्त भएको मानिनेछ।

(४) रिक्त शिक्षक पदको विवरण केन्द्रको एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा विद्यालयले प्रविष्टी गरी पद रिक्त भएको मितिले सात दिनभित्र सम्बन्धित स्थानीय तहलाई लिखित रुपमा अनिवार्य जानकारी दिनु पर्नेछ।

तर अनिवार्य अवकास हुने भई शिक्षकको पद रिक्त हुने भएमा तीस दिन अगावै सरूवासम्बन्धी प्रक्रिया अगाडि बढाउन सकिनेछ।

(५) उपनियम (४) बमोजिम रिक्त पदको जानकारी प्राप्त भएपछि सम्बन्धित स्थानीय तहले नियमावलीको अनुसूची-१२ बमोजिमको न्यूनतम दरबन्दी भएको अवस्थामा विषयगत प्राथमिकता भए नभएको समेत यकिन गरी एकै विद्यालयमा एक तहमा एक विषयका लागि एक भन्दा बढी शिक्षक नरहने गरी र न्यूनतम भन्दा बढी दरबन्दी भएको अवस्थामा सोही अनुसचीमा भएको विषयको क्रमश हुने गरी केन्द्रको एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा सम्बन्धित विद्यालयको अद्यावधिक विवरणको आधारमा विद्यालयले पेस गरेको रिक्त शिक्षक पदमा सरूवा गरी वा शिक्षक सेवा आयोगमा विज्ञापन गरी पदपूर्ति गर्ने विषयमा सम्बन्धित स्थानीय तहले पद रिक्त भएको सात दिनभित्र निर्णय गर्नुपर्नेछ। सो को जानकारी सम्बन्धित विद्यालय र शिक्षा विकास तथा समन्वय इकाइमा दिनुपर्नेछ।

(६) उपनियम (५) बमोजिम शिक्षक सरूवा गरी ल्याउनु पर्ने भएमा विद्यालयले कम्तीमा पन्ध्र दिनको म्याद दिई सूचना आह्वान गर्नु पर्नेछ र सरूवाको विज्ञापन भैसके पछि सरूवा विज्ञापन स्थगित गर्न पाइने छैन।

(७) सरूवा सूचना विद्यालय, स्थानीय तह र जिल्ला शिक्षा तथा समन्वय इकाइको वेभसाईटमा प्रकाशन गर्नुपर्नेछ।

(८) सूचना सार्वजनिक नगरी सरूवा गरिएको प्रमाणित भएमा उक्त सरूवा बदर हुनेछ।

तर सूचना आह्वान गर्दा नियमावलीको नियम ९१ अनुसार महिला शिक्षकको दरबन्दीमा महिला शिक्षक कार्यरत नरहेको वा तोकिएभन्दा कम सङ्ख्यामा कार्यरत रहेको

भए महिला शिक्षकबाटै सरूवा गर्ने गरी स्पष्ट खुलाउनु पर्नेछ। दरबन्दी मिलानको सन्दर्भमा दरबन्दी कटौतिमा परेका वा खुद पुल दरबन्दी कायम भई अन्यत्र स्थानान्तरण गर्नुपर्ने दरबन्दीको हकमा त्यस्तो दरबन्दीको व्यवस्थापन नभएसम्म सरूवा गर्न पाइने छैन।

(९) उपनियम (६) बमोजिम प्रकाशित सूचनामा उल्लेख भए बमोजिम रिक्त शिक्षक पदमा सरूवा भई आउन चाहने सम्बन्धित तह र विषयका इच्छुक स्थायी शिक्षकले नियमावलीको अनुसूची-१७ बमोजिम आफू कार्यरत विद्यालयको विद्यालय व्यवस्थापन समिति र सम्बन्धित स्थानीय तहको सहमति सहित विद्युतीय माध्यम वा स्वयम् आफैं उपस्थित भई सम्बन्धित विद्यालयमा निवेदन दिन सक्नेछ। त्यसरी निवेदन पेस गर्दा आफ्नो सेवा अवधि खुल्ने कागजात, शैक्षिक योग्यता र तालिमका प्रमाणपत्र, हाल कार्यरत विद्यालय र स्थानीय तहमा हालको पदमा शुरु हाजिरी भएको कागजात, आफ्नो स्थायी तथा अस्थायी नियुक्ति पत्रको प्रतिलिपि र असाधारण तथा वेतलवी विदा लिए नलिएको सम्बन्धी कागजात, कार्यरत विद्यालयको सहमति पत्र, स्थानीय तहको सहमति पत्र संलग्न गर्नु पर्नेछ।

(१०) तोकिएको समयावधिभित्र रीतपूर्वक प्राप्त हुन आएका निवेदन विद्यालयमा दर्ता गरी सम्बन्धित व्यक्तिलाई दर्ताको जानकारी दिई सोको विवरण सार्वजनिक गर्नुपर्नेछ।

edusanjal

(११) उपनियम (१०) अनुसार दर्ता भएका निवेदनहरु मध्येबाट "ख" र "ग" वर्गको अपाङ्ग, अरुको सहायतामा हिँडडुल गर्नुपर्ने अशक्त, गर्भवती र दुई वर्षभन्दा कम उमेरको बच्चा भएको महिला लगायत विशेष अवस्थाका शिक्षक भएमा पहिलो प्राथमिकतामा राखेर र अन्य शिक्षकको हकमा समेत विद्यालयले देहाय बमोजिम प्राथमिकताक्रम निर्धारण गर्नुपर्नेछ :-

(क) शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम २९ बमोजिम ज्येष्ठता बापत ३५, नियम ३० अनुसार शैक्षिक योग्यता वापत २० र नियम ३१ अनुसार तालिम वापत १० समेत गरी जम्मा ६५ पूर्णाङ्कमा गणना गरी सबैभन्दा बढी अङ्क प्राप्त गरेका आधारमा,

(ख) खण्ड (क) बमोजिम प्राथमिकताक्रम निर्धारण हुन नसकेमा हालको पदमा सबैभन्दा बढी स्थायी सेवा गरेको जम्मा अवधिका आधारमा,

(ग) खण्ड (क) र (ख) बमोजिमसमेत प्राथमिकताक्रम निर्धारण हुन नसकेमा हालको पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताभन्दा माथिल्लो तहको सम्बन्धित विषयको शैक्षिक योग्यताको प्राप्ताङ्कको प्रतिशत वा ग्रेडको आधारमा,

(घ) खण्ड (क), (ख) र (ग) बमोजिम समेत प्राथमिकताक्रम निर्धारण हुन नसकेमा श्रीमान् श्रीमती मध्ये कुनै एक जना स्थानीय तहमा स्थायी शिक्षक पदमा कार्यरत भएमा,

(ङ) दुई वर्षभन्दा कम उमेरको बच्चाको आमा मध्येबाट एकभन्दा बढीको निवेदन परेको भए कम उमेरको बच्चाको आधारमा,

(च) खण्ड (क), (ख), (ग), (घ) र (च) बमोजिमसमेत प्राथमिकताक्रम निर्धारण हुन नसकेमा गोलाप्रथाबाट छनोट गरेको आधारमा।

तर सरूवा प्रयोजनको लागि सेवा अवधिको गणना गर्दा विद्यालयमा हाजिर भएको मितिदेखिको अवधिलाई गणना गर्नु पर्नेछ र प्राथमिकताक्रम सूची तयार पारी प्रधानाध्यापकले प्रमाणित गरी राख्नु पर्नेछ।

स्पष्टीकरणः यस नियमको प्रयोजनको लागि "विशेष अवस्था" भन्नाले कुनै स्थायी शिक्षक आकस्मिक घटना वा आपतकालीन अवस्थामा परेकोले निजको जीवनलाई जोखिममुक्त गर्नुपर्ने भएको वा नेपाल सरकारले निर्धारण गरे बमोजिमको घातक वा कडा रोग लागेको वा गम्भीर शारीरिक अशक्तता भई सोको उपचार गर्नुपर्ने भनी नेपाल सरकारद्वारा गठित मेडिकल बोर्डले सिफारिस गरेको विशेष अवस्था सम्झनुपर्छ।

edusanjal

(१२) उपनियम (११) बमोजिमको प्राथमिकताक्रम सूचीमा सबैभन्दा अगाडिको प्राथमिकताक्रममा परेका निवेदक शिक्षकलाई विद्यालयबाट निर्णय गरी सरूवा सहमति प्रदान गर्नु पर्नेछ।

तर तह, श्रेणी र विषय मिल्ने दुई शिक्षकहरुले पारस्परिक सरूवाको लागि निवेदन दिएमा सम्बन्धित विद्यालयले सहमति प्रदान गर्न सक्नेछ।

(१३) उपनियम (१२) अनुसार सहमति प्राप्त शिक्षकले सोको जानकारी आफू कार्यरत विद्यालयलाई र कार्यरत स्थानीय तहलाई दिनुपर्नेछ।

(१४) यस नियम बमोजिम कुनै शिक्षकले सरूवाको प्राथमिकतामा परेपछि निवेदन फिर्ता लिएमा वा सरूवा हुन इन्कार गरेमा वा सरूवा हुने प्रक्रिया अघि नबढाएमा निजले सो मितिदेखि दुई वर्षसम्म कुनै पनि विद्यालयमा सरूवा हुन निवेदन दिन पाउने छैन। यसरी निवेदन फिर्ता भएमा दोस्रो प्राथमिकतामा परेको शिक्षकको सरूवाको प्रक्रिया अघि बढाइनेछ।

(१५) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा शिक्षकलाई सरूवा सहमति दिन वा सरूवा गर्न सकिने छैन :-

(क) दरबन्दी मिलानको सिलसिलामा खुद पुल कायम भएको दरबन्दी भएमा,

(ख) सम्बन्धित तहमा स्थायी नियुक्ति भएको तीन वर्ष अवधि नपुगेको वा अनिवार्य अवकास हुन एक वर्ष वा सोभन्दा कम अवधि बाँकी रहेको शिक्षक भएमा,

(ग) रिक्त पद खुला वा बढुवाद्वारा पदपूर्तिका लागि सम्बन्धित निकायमा लेखी पठाइएको भएमा,

(घ) सरूवा भई आउने शिक्षक अन्यत्र जिल्लाको द्वितीय वा प्रथम श्रेणीको शिक्षक भएमा निज शिक्षक सरूवा भई आउँदा जिल्लाभित्रको सम्बन्धित तहको द्वितीय र प्रथम श्रेणीको पद सङ्ख्या भित्र नपरेमा,

(ङ) सरूवा भई आउने शिक्षक र पदपूर्ति गर्नुपर्ने पदको तह र विषय नमिलेमा।

(च) नियमावलीको नियम ९१ बमोजिमको महिला शिक्षिकाको पद सङ्ख्यामा प्रतिकूल असर पर्ने भएमा,

(छ) पारस्परिक सरूवा भएको पाँच वर्ष समयावधि नपुगेको भएमा।

(१६) उपनियम १५ को खण्ड (घ) बमोजिम जिल्लाभित्रको सम्बन्धित श्रेणीको पद सङ्ख्या भित्र पर्ने वा नपर्ने कुरा सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय इकाइबाट यकिन गराउनु पर्नेछ।

edusanjal

(१७) उपनियम (१३) बमोजिम सहमति प्राप्त भइसकेपछि सम्बन्धित शिक्षकको सरूवासम्बन्धी आवश्यक कागजात सहित सम्बन्धित निकायमा निवेदन पेस गर्नुपर्नेछ।

(१८) उपनियम (१७) अनुसार निवेदन परेमा स्थानीय तह अन्तर्गतको एक सामुदायिक विद्यालयबाट अर्को सामुदायिक विद्यालयमा सोही स्थानीय तहले सरूवा गर्नेछ।

(१९) एक स्थानीय तहको सामुदायिक विद्यालयबाट अर्को स्थानीय तहको सामुदायिक विद्यालयमा सरूवा शिक्षा विकास तथा समन्वय इकाइले गर्नेछ।

तर फरक स्थानीय तह र जिल्लामा कार्यरत शिक्षकलाई सरूवा गर्दा सम्बन्धित स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सरूवा सहमति लिनुपर्नेछ।

(२०) उपनियम (१८) र (१९) बमोजिम शिक्षा विकास तथा समन्वय इकाइले सरूवा गरेको भएमा सो इकाइले सरूवा हुने स्थानीय तहको शिक्षा विकास तथा समन्वय इकाइ तथा सम्बन्धित दुवै स्थानीय तहलाई र स्थानीय तहले सरूवा गरेको भएमा सो स्थानीय तहले सरूवा हुने स्थानीय तहलाई सरूवा भएको जानकारी दिई सोको अभिलेख अद्यावधिक गर्नु पर्नेछ।

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

(२१) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नियम ९३ बमोजिम प्रधानाध्यापकमा छनौट भएको शिक्षकलाई सरूवा भई आउने र सरूवा भई जाने स्थानीय तहले सहमति दिई शिक्षा विकास तथा समन्वय इकाइले सरूवा गर्नुपर्नेछ।

(२२) यस नियम बमोजिम सरूवा हुनें शिक्षकको दरबन्दी रिक्त हुने स्थानीय तहले ऐन तथा यस नियमावलीको अधीनमा रही पदपूर्ति गर्नुपर्नेछ।"

६२. <u>मूल नियमावलीको नियम १०६ मा संशोधन</u> : मूल नियमावलीको नियम १०६ को,-

(१) उपनियम (३) को सट्टा देहायका उपनियम (३) राखिएको छः-

"(३) शिक्षकले बिरामी बिदा सञ्चित गर्ने प्रयोजनको लागि प्रत्येक शैक्षिक शत्रको समाप्ति पछि त्यस्तो बिदा प्रधानाध्यापकको सिफारिसको आधारमा सम्बन्धित स्थानीय तहको शिक्षा अधिकृतले प्रमाणित गराई राख्नु पर्नेछ। कुनै व्यहोराले शिक्षक आफ्नो सेवाबाट अवकाश भएमा निजको सञ्चित बिरामी बिदा बापत निजको पदाधिकार रहेको पदमा खाइपाई आएको तलब स्केलको दरले हुन आउने रकम एकमुष्ट पाउनेछ।"

(२) उपनियम (३) पछि देहायको उपनियम (३क) थपिएको छ :-

"(३क) उपनियम (३) बमोजिम सञ्चित विरामी विदामा अस्थायी अवधिमा पाकेको विदा (अस्थायी कार्यरत अवधिका प्रमाणित कागजातका आधारमा) मध्ये अस्थायी सेवा अवधिमा खर्च भइ बाँकी रहेको विरामी विदा स्थायी अवधिमा खर्च गर्न पाइने छैन। तर त्यसरी अस्थायी अवधिमा पाकेको बाँकि विदा बापतको रकम सेवाबाट अवकाश हुँदाका वखत एकमुष्ट रुपमा पाउनेछ।"

६३. <u>मूल नियमावलीको नियम १११ मा संशोधन</u> : मूल नियमावलीको नियम १११ को,-

(१) उपनियम (१) मा रहेका "निर्देशनालय वा शिक्षा विकास तथा समन्वय इकाइको आदेशानुसार" भन्ने शब्दहरूको सट्टा "स्थानीय तहको निर्णयले" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपनियम (४) को सट्टा देहायको उपनियम (४) राखिएको छ :-

"(४) विद्यालयमा बाहेक अन्य कुनै निकायमा शिक्षकलाई काज खटाउन पाइने छैन।"

६४. <u>मूल नियमावलीको नियम ११४क. मा संशोधन</u> : मूल नियमावलीको नियम ११४क. को उपनियम (३) पछि देहायको उपनियम (४) थपिएको छ :-

"(४) सम्वत् २०५२ साल र तत्पश्चात् भएका विज्ञापनबाट स्थायी नियुक्ति भएका शिक्षक अनिवार्य अवकाश हुँदा वा सेवामा हुँदै मृत्यु भई निवृत्तभरण पाउने अवस्था नभएमा सो प्रयोजनका लागि मात्र निजको सात वर्षसम्मको अस्थायी सेवा अवधि जोड्न सकिनेछ। यसरी

अस्थायी सेवा समेत जोडी कायम भएको नोकरी अवधि निवृत्तभरण सुविधा बाहेक अस्थायी सेवा अवधिको अन्य कुनै पनि सुविधामा पाउने छैन।

तर विरामी भएको अवस्थामा बाहेक एक वर्षभन्दा बढी असाधारण वा वेतलवी विदामा बसेको शिक्षकको अस्थायी सेवा अवधि निवृत्तभरण प्रयोजनका लागि गणना गरिने छैन।"

६५. <u>मूल नियमावलीको नियम ११५ मा संशोधन</u> : मूल नियमावलीको नियम ११५ को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) कुनै शिक्षकको नोकरीमा बहाल छँदै वा निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएमा त्यस्तो मृत शिक्षकले आफ्नो एकाघरको सगोलमा बसोबास गरेको परिवारको सदस्यमध्ये वा कसैलाई इच्छाएको भए इच्छाएको व्यक्तिले र इच्छाएको व्यक्तिको पनि मृत्यु भएमा वा त्यसरी कसैलाई पनि इच्छाएको नभएमा निजको सगोलको एकाघरको नजिकको हकवालाले निवृत्तभरण पाउनेछ।"

(२) उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छ :-

"(१क) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै शिक्षकले आफ्नो पति वा पत्नी बाहेक अन्य कसैलाई इच्छाएको रहेछ र त्यस्तो शिक्षकको मृत्युपश्चात् इच्छाइएको व्यक्तिले निज शिक्षकको विदुर पति वा विधवा पत्नीलाई मञ्जुरीनामा दिएमा विदुर पति वा विधवा पत्नीले निवृत्तभरण पाउनेछ।

तर यस्तो निवृत्तभरण सात वर्षभन्दा बढी समयसम्म प्राप्त हुने छैन र कुनै शिक्षकको निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएमा निजको परिवारलाई सात वर्ष पुगेपछि निवृत्तभरण प्राप्त हुने छैन। विदुर पति वा विधवा पत्नीले सात वर्षपश्चात् आजीवन पारिवारिक निवृत्तभरण पाउनेछ।"

६६. <u>मूल नियमावलीको नियम ११६ मा संशोधन</u> : मूल नियमावलीको नियम ११६ को सट्टा देहायको नियम ११६ राखिएको छ :-

"११६. <u>आजीवन पारिवारिक वृत्ति</u> : विद्यालयको कामको सिलसिलामा दुर्घटनामा परी वा त्यसको कारणबाट निको नहुँदै पछि कुनै शिक्षकको मृत्यु भएमा वा हृदयघातका कारण मृत्यु भएमा निजको विधुर पति वा विधुवा पत्नीलाई त्यस्तो शिक्षकले पाउन सक्ने न्यूनतम निवृत्तभरणको पचास प्रतिशतले हुन आउने रकम आजीवन पारिवारिक वृत्ति स्वरुप दिइनेछ।"

६७. <u>मूल नियमावलीको नियम ११७ मा संशोधन</u> : मूल नियमावलीको नियम ११७ को,-

(१) उपनियम (५) को सट्टा देहायको उपनियम (५) राखिएको छ :-

"(५) उपनियम (१), (२) वा (३) बमोजिम फाराम प्राप्त भएपछि शिक्षकको हकमा प्रधानाध्यापकले र प्रधानाध्यापकको हकमा सम्बन्धित स्थानीय तहको शिक्षा अधिकृतले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी प्राप्त फाराम प्रमाणित गरी एक एक प्रति विद्यालय र स्थानीय तहमा राखी बाँकी दुई प्रति फारामहरु शिक्षा विकास तथा समन्वय इकाइमा पठाउनु पर्नेछ र त्यसरी फाराम प्राप्त भएपछि सो इकाइ प्रमुखले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी प्राप्त फाराम प्रमाणित गरी किताबखानाको ई-पेन्सन पोर्टलमा प्रविष्टी गर्नुपर्नेछ र सोको एकप्रति सक्कल फाराम राष्ट्रिय किताबखाना (शिक्षक) मा पठाउनुपर्नेछ।"

(२) उपनियम (७) को सट्टा देहायको उपनियम (७) राखिएको छ :-

"(७) उपनियम (६) बमोजिमको फाराम प्राप्त भएपछि राष्ट्रिय किताबखाना (शिक्षक) ले आफूसँग रहेको अभिलेखसँग भिडाई, जाँची उपनियम (१) वा (२) बमोजिमको फाराम भए अवकाश पश्चातको सुविधा निर्धारण गर्नुपर्नेछ।"

(३) उपनियम (७) पछि देहायको उपनियम (७क) थपिएको छ :-

"(७क) उपनियम (७) बमोजिम किताबखानाबाट ई-पेन्सन अधिकारपत्र प्राप्त भएपश्चात् सम्बन्धित इकाइले निज शिक्षकको नाममा अनुसूची-१९ बमोजिमको ढाँचामा ई-पेन्सन अधिकारपत्र र उपनियम (३) बमोजिमको फाराम भए मृत शिक्षकको हकवालाको नाममा अनुसूची-२० बमोजिमको ढाँचामा पारिवारिक ई-पेन्सन अधिकारपत्र प्रदान गर्नुपर्नेछ।"

edusanjal

६८. <u>मूल नियमावलीको नियम १२० मा संशोधन</u> : मूल नियमावलीको नियम १२० को उपनियम (१) को खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छ :-

"(ख१) स्थायी आवसीय अनुमति लिएको भएमा,"

६९. <u>मूल नियमावलीको नियम १२५ मा संशोधन</u> : मूल नियमावलीको नियम १२५ को उपनियम (१) को खण्ड (घ१) मा रहेका "जिल्ला शिक्षक युनियन" भन्ने शब्दहरूको सट्टा "नेपाल शिक्षक महासङ्घ" भन्ने शब्दहरू राखिएका छन्।

७०. <u>मूल नियमावलीको नियम १२६ मा संशोधन</u> : मूल नियमावलीको नियम १२६ को उपनियम (२) को,-

(१) खण्ड (ग) मा रहेका "निर्देशनालय र" भन्ने शब्दहरू झिकिएका छन्।

(२) खण्ड (झ) मा रहेको "गणना" भन्ने शब्दपछि "र जोड्ने" भन्ने शब्दहरू थपिएका छन्।

(३) खण्ड (ञ) पछि देहायको खण्ड (ट) थपिएको छ :-

"(ट) ई-पेन्सन सेवा उपलब्ध गराउन इकाइबाट सम्पादन हुने कार्यलाई चुस्त, दुरूस्त बनाउन आवश्यक क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन, सहजीकरण, अनुगमन तथा सुपरिवेक्षण गर्ने।"

७१. <u>मूल नियमावलीको नियम १२७क. मा संशोधन</u> : मूल नियमावलीको नियम १२७क. को,-

(१) उपनियम (१) को खण्ड (ख) मा रहेको "कौषी तोषाखाना" भन्ने शब्दहरूको सट्टा "निवृत्तभरण व्यवस्थापन कार्यालय" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपनियम (१) को खण्ड (च) मा रहेका "निजामती किताबखाना" भन्ने शब्दहरूको सट्टा "राष्ट्रिय किताबखाना (शिक्षक)" भन्ने शब्दहरू राखिएका छन्।

७२. <u>मूल नियमावलीको नियम १४३ मा संशोधन</u> : मूल नियमावलीको नियम १४३ को,-

(१) उपनियम (१) को खण्ड (घ) मा रहेको "निर्देशक" भन्ने शब्दको सट्टा "महानिर्देशक" भन्ने शब्द राखिएको छ।

(२) उपनियम (२) मा रहको "जानकारी" भन्ने शब्दपछि "स्थानीय तह र" भन्ने शब्दहरू थपिएका छन्।

(३) उपनियम (३) मा रहेको "जानकारी" भन्ने शब्दपछि "स्थानीय तह," भन्ने शब्दहरू थपिएका छन्।

edusanjal

७३. <u>मूल नियमावलीको नियम १४४ख. मा संशोधन</u> : मूल नियमावलीको नियम १४४ख. को उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छ :-

"(३) उपनियम (१) बमोजिम बनाएको कार्यविधि विद्यालयले स्थानीय तहमा पेस गर्नु पर्नेछ र सो कार्यविधि स्थानीय तहबाट स्वीकृत भएपछि कार्यान्वयन हुनेछ।"

७४. <u>मूल नियमावलीको नियम १४५क. मा संशोधन</u> : मूल नियमावलीको नियम १४५क. को उपनियम (१) को,-

(१) खण्ड (क) को,-

(क) उपखण्ड (२) मा रहेका "जिल्ला विकास समिति" भन्ने शब्दहरूको सट्टा "जिल्ला समन्वय समिति" भन्ने शब्दहरू राखिएका छन्।

(ख) उपखण्ड (३) मा रहेका "शिक्षक युनियन" भन्ने शब्दहरूको सट्टा "नेपाल शिक्षक महासङ्घ" भन्ने शब्दहरू राखिएका छन्।

(ग) उपखण्ड (५) को सट्टा देहायको उपखण्ड (५) राखिएको छः-

"(५) शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख वा निजले तोकेको अधिकृत कर्मचारी - सदस्य-सचिव"

(२) खण्ड (ख) को,-

(क) उपखण्ड (३) मा रहेका "जिल्ला विकास समितिको प्रतिनिधि" भन्ने शब्दहरूको सट्टा "जिल्ला समन्वय समितिको प्रमुखले तोकेको सो समितिको सदस्य" भन्ने शब्दहरू राखिएका छन्।

(ख) उपखण्ड (६) मा रहेका "जिल्ला शिक्षा समितिबाट" भन्ने शब्दहरूको सट्टा "जिल्ला समन्वय समितिबाट" भन्ने शब्दहरू राखिएका छन्।

७५. <u>मूल नियमावलीको नियम १४७ मा संशोधन</u> : मूल नियमावलीको नियम १४७ को उपनियम (३) मा रहेको "अगावै" भन्ने शब्दपछि "स्थानीय तह र" भन्ने शब्दहरू थपिएका छन्।

७६. <u>मूल नियमावलीको नियम १५१ मा संशोधन</u> : मूल नियमावलीको नियम १५१ को उपनियम (२) पछि देहायको उपनियम (२क) थपिएको छ :-

"(२क) उपनियम (२) बमोजिमको छात्रवृत्तिलाई शत प्रतिशत मानि सोको २० प्रतिशत खेलकुद क्षेत्रमा प्रतिभावान विद्यार्थीहरुलाई प्रदान गर्ने व्यवस्था मिलाई त्यसरी छनौट भएका विद्यार्थीहरूको नामावली विद्यालयले सार्वजनिक गर्नुपर्नेछ।

<u>स्पष्टीकरणः</u> "खेलकुद क्षेत्रमा प्रतिभावान विद्यार्थी" भन्नाले खेलकुद सम्बन्धी मान्यता प्राप्त निकायबाट खेलकुदको क्षेत्रमा प्रतिभावान भएको भनी प्रमाणित गरेको विद्यार्थी सम्झनु पर्छ।"

edusanjal

७७. <u>मूल नियमावलीको नियम १५४ मा संशोधन</u> : मूल नियमावलीको नियम १५४ को,-

(१) उपनियम (२) को, -

(क) खण्ड (क) मा रहेका "वा उच्च माध्यमिक" भन्ने शब्दहरू झिकिएका छन्।

(ख) खण्ड (ख) मा रहेका "निम्न माध्यमिक" भन्ने शब्दहरूको सट्टा "आधारभूत तह (कक्षा छदेखि आठसम्म) को" भन्ने शब्दहरू राखिएका छन्।

(ग) खण्ड (ग) मा रहेको "प्राथमिक" भन्ने शब्दको सट्टा "आधारभूत तह (कक्षा एकदेखि पाँचसम्म) को" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपनियम (६) को सट्टा देहायको उपनियम (६) राखिएको छ :-

"(६) यस नियम बमोजिम विद्यालयको नामकरण व्यवस्थापन समिति र गाउँ वा नगर शिक्षा समितिको सिफारिसमा स्थानीय तहले गर्नेछ।"

(३) ठाउँ-ठाउँमा रहेका "नामाकरण" भन्ने शब्दको सट्टा "नामकरण" भन्ने शब्द राखिएको छ।

७८. <u>मूल नियमावलीको नियम १५८ मा संशोधन</u> : मूल नियमावलीको नियम १५८ को उपनियम (२) को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छ :-

"(घ) विद्यालय रहेको वडाको वडाध्यक्ष - सदस्य"

७९. मूल नियमावलीको नियम १६३ मा संशोधन : मूल नियमावलीको नियम १६३ मा रहेका "दैवी" र ",बीस हजार रुपैयाँसम्मको भए निर्देशकले" भन्ने शब्दहरू झिकिएका छन्।

८०. मूल नियमावलीको नियम १६४ मा संशोधन : मूल नियमावलीको नियम १६४ को,-

(१) उपनियम (१) मा रहेका "एकमुष्ट जिल्ला शिक्षा कोषमा" भन्ने शब्दहरूको सट्टा "स्थानीय तहमा" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपनियम (२) मा रहेका "जिल्ला शिक्षा समितिले" भन्ने शब्दहरूको सट्टा "स्थानीय तहले" भन्ने शब्दहरू राखिएका छन्।

(३) उपनियम (३) झिकिएको छ।

८१. मूल नियमावलीको नियम १६८ मा संशोधन : मूल नियमावलीको नियम १६८ मा रहेका "एक प्रति" भन्ने शब्दहरूको सट्टा "एक एक प्रति स्थानीय तह र" भन्ने शब्दहरू राखिएका छन्।

८२. मूल नियमावलीको नियम १७० मा संशोधन : मूल नियमावलीको नियम १७० को उपनियम (६) मा रहेको "प्रतिवेदन" भन्ने शब्दपछि "स्थानीय तह र" भन्ने शब्दहरू थपिएका छन्।

edusanjal

८३. मूल नियमावलीको नियम १७१ मा संशोधन : मूल नियमावलीको नियम १७१ को,-

(१) उपनियम (३) मा रहेका "निर्देशनालय वा" भन्ने शब्दहरू झिकिएका छन्।

(२) उपनियम (५) मा रहेको "नियमित रुपमा" भन्ने शब्दपछि "स्थानीय तह र" भन्ने शब्दहरू थपिएका छन्।

८४. मूल नियमावलीको नियम १७२ मा संशोधन : मूल नियमावलीको नियम १७२ मा रहेको "व्यवस्थापन समिति," भन्ने शब्दहरू पछि "स्थानीय तह र" भन्ने शब्दहरू राखी सोही नियममा रहेका "र निर्देशनालय" भन्ने शब्दहरू झिकिएका छन्।

८५. मूल नियमावलीको नियम १७६ मा संशोधन : मूल नियमावलीको नियम १७६ मा रहेका "शिक्षा विकास तथा समन्वय इकाइले" भन्ने शब्दहरूको सट्टा "स्थानीय तहले" भन्ने शब्दहरू राखी सोही नियममा रहेका "प्राथमिक तह, निम्न माध्यमिक तह तथा" भन्ने शब्दहरूको सट्टा "आधारभूत तह र" भन्ने शब्दहरू राखिएका छन्।

८६. मूल नियमावलीको नियम १८५ मा संशोधन : मूल नियमावलीको नियम १८५ को,-

(१) खण्ड (क) मा रहेका "सम्बन्धित निर्देशक र अन्य विद्यालयको हकमा शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख" भन्ने शब्दहरूको सट्टा "स्थानीय तह" भन्ने शब्दहरू राखिएका छन्।

नेपाल सरकार

(२) खण्ड (ख) मा रहेका "माध्यमिक विद्यालयको सम्बन्धमा सम्बन्धित निर्देशक तथा अन्य विद्यालय सोही उपदफाको खण्ड (ख) र (ग) तथा दफा १६घ. को उपदफा (६) र (७) को प्रयोजनको लागि सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख" भन्ने शब्दहरूको सट्टा "प्रमुख प्रशासकीय अधिकृत" भन्ने शब्दहरू राखिएका छन्।

८७. <u>मूल नियमावलीको नियम १८५ख. मा संशोधन</u> : मूल नियमावलीको नियम १८५ख. को उपनियम (३) मा रहेका "सम्बन्धित निर्देशक" भन्ने शब्दहरूको सट्टा "केन्द्र" भन्ने शब्द राखिएको छ।

८८. <u>मूल नियमावलीको नियम १८७ मा संशोधन</u> : मूल नियमावलीको नियम १८७ को सट्टा देहायको नियम १८७ राखिएको छ :-

"१८७. <u>नेपाल शिक्षक महासङ्घ सम्बन्धी व्यवस्था</u> : (१) प्रचलित कानून बमोजिम नेपाल शिक्षक महासङ्घ सम्बन्धी विधान दर्ता गर्नु अघि मन्त्रालयको सहमति प्राप्त गर्नु पर्नेछ।

(२) नेपाल शिक्षक महासङ्घको निर्वाचन सम्बन्धी व्यवस्था नेपाल शिक्षक महासङ्घको विधानमा उल्लेख भए बमोजिम हुनेछ।

तर यो नियम प्रारम्भ हुनु अघि स्वीकृत विधानमा जुनसुकै कुरा उल्लेख भए तापनि नेपाल शिक्षक महासङ्घको निर्वाचनमा सबै शिक्षकले मतदान गर्न पाउने व्यवस्था विधानमा गर्नुपर्नेछ।

(३) यो नियम प्रारम्भ हुनु अघि नेपाल शिक्षक महासङ्घको विधानले उपनियम (१) बमोजिम मन्त्रालयको स्वीकृति प्राप्त नगरेको भए यो नियम प्रारम्भ भएको मितिले तीस दिन भित्र विधान स्वीकृतिको लागि मन्त्रालयमा पेस गर्नुपर्नेछ।

(४) उपनियम (३) बमोजिमको अवधिभित्र विधान स्वीकृतिको लागि पेस नगरेमा त्यस्तो विधानले मान्यता प्राप्त गर्ने छैन।"

८९. <u>मूल नियमावलीको नियम १८८ मा संशोधन</u> : मूल नियमावलीको नियम १८८ मा रहेको "विवरणहरु" भन्ने शब्दपछि "स्थानीय तह र" भन्ने शब्दहरू थपिएका छन्।

९०. <u>मूल नियमावलीको नियम १८९क. मा संशोधन</u> : मूल नियमावलीको नियम १८९क. को,-

(१) उपनियम (१) मा रहेका "शिक्षा विकास तथा समन्वय इकाइ" भन्ने शब्दहरूको सट्टा "स्थानीय तह" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपनियम (२) मा रहेका "शिक्षा विकास तथा समन्वय इकाइ प्रमुखले" भन्ने शब्दहरूको सट्टा "प्रमुख प्रशासकीय अधिकृतले" भन्ने शब्दहरू राखिएका छन्।

(३) उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छ,

edusanjal

"(३) कोचिङ्ग कक्षा सञ्चालन सम्बन्धी अन्य कार्यविधि स्थानीय तहले निर्धारण गरे बमोजिम हुनेछ।"

(४) उपनियम (४) झिकिएको छ।

९१. मूल नियमावलीको अनुसूची-११घ. पछि यसैसाथ संलग्न अनुसूची-११ङ. थपिएको छ।

९२. खारेजी: मूल नियमावलीको नियम १५, १७, २४क., २६क., ४२, ४३, ४४, ४५, ६९, ७४, ७४क., १९१ र १९२ र परिच्छेद-५क. र ३२ खारेज गरिएका छन्।

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

edusanjal

"अनुसूची-११ङ.

(नियम २३ को उपनियम (५) सँग सम्बन्धित)

## स्वघोषणा

म................................. विद्यालय व्यवस्थापन समितिको अध्यक्ष पदमा नियुक्ति हुनको लागि प्रचलित कानून बमोजिम अयोग्य नभएको र अनुभव पूरा गरेको र उक्त पदमा नियुक्त हुनका लागि अयोग्य नरहेको हुँदा देहाय बमोजिमका कागजात तथा विवरण आफैं प्रमाणित गरी यसैसाथ यो स्वघोषणा पेस गरेको छु:-

१. नाम, थर:

२. जन्म मिति (बि.सं./ई/सं.):

३. ठेगाना (स्थायी):

४. सम्पर्क नं.:

५. इमेल:

६. बाबु/आमाको नाम र ठेगाना:

७. पति/पत्निको नाम र ठेगाना:

८. नागरिकता नं.: जारी मिति: जिल्ला:

९. राष्ट्रिय परिचयपत्र नं.:

edusanjal

१०. शैक्षिक योग्यता:

११. अनुभव:

१२. आ.व..............................को कर चुक्ताको प्रमाणपत्र संलग्न रहेको छ।

१३. निरोगिताको प्रमाणपत्र संलग्न रहे/नरहेको

१४. कुनै विदेशी मुलुकको नागरिकता, स्थायी आवसीय अनुमति लिएको/नलिएको वा स्थायी आवशीय अनुमतिपत्रको लागि आवेदन दिएको/नदिएको

१५. सरकारी बाँकी तिर्न बुझाउन बाँकी रहेको/नरहेको

१६. कैद/सजाय/भए/नभएको

१७. जरिवाना तिर्न बुझाउन बाँकी रहे/नरहेको

माथि उल्लेख गरिएको वेहोरा ठिक साँचो छ। झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

...................................

दस्तखत

मिति: "

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं